# विपद् जोखिम न्यूनीकरणको

# सेन्डाई ढाँचा :

## बालबालिकाका लागि



# बदलिँदो जलवायुमा बालबालिका (सिसिसी) गठबन्धनबारे

**बदलिँदो जलवायुमा बालबालिका** (सिसिसी) गठबन्धन बालबालिकाकेन्द्रित विकास एवं मानवीय क्षेत्रमा काम गर्दै आएका अग्रणी संस्थाहरूको सहकार्य हो । आफूहरूलाई आघात पुऱ्याउन सक्ने वा तनाव दिने कुराहरूमा प्रतिक्रिया जनाउन सक्ने बालबालिकाको क्षमतालाई स्वीकार गर्दै गठबन्धनभित्रका प्रत्येक संस्था ज्ञान आदान-प्रदान, सहकार्य र कार्यसम्पादनका लागि पूर्ण प्रतिबद्ध छन् । सिसिसीलाई विश्वव्यापी अनुबन्धभित्रका बालअधिकारहरूको पक्षमा पैरवी गर्ने र तिनीहरूको प्रवर्द्धन गर्ने आदेश छ । यो गठबन्धनका सदस्यहरूमा **चाइल्ड फन्ड अलायन्स**, **प्लान इन्टरनेसनल**, **सेभ द चिल्ड्रेन**, **युनिसेफ** र **वर्ल्ड भिजन इन्टरनेसनल** छन् ।


## आभार

सर्वप्रथम त यो पुस्तिकाको प्रारम्भिक प्रयोगमा आफ्ना टिप्पणी र सुझावसहित यसलाई अझ सबल र परिमार्जित बनाउन सहभागी बालबालिकामा विशेष धन्यवाद व्यक्त गर्दछौँ । यो अभ्यासलाई सहजीकरण गर्ने चाइल्ड फन्ड इथोयोपिया, सेभ द चिल्ड्रेन मोजाम्बिक र वर्ल्ड भिजन घानालाई पनि धन्यवाद । साथै, यो पुस्तिकाको प्रारम्भिक मस्यौदामा रायसुझाव उपलब्ध गराउने चाइल्ड फन्ड अलायन्सका सोलेन इड्वार्ड र साराह स्टेभेन्सन, प्लान इन्टरनेसनलका जाकोबो ओकारन र एलिसन राइट, सेभ द चिल्ड्रेनका निक हल, किर्सी पेल्टोला र वेन अल्रिच, युनिसेफका जेन एम चुन र एन्टोनी स्पाल्टन र वर्ल्ड भिजनका सेड्रिक होइब्रेक, मेगी इब्राहिम र टिफेनी ताओ जोइनरलाई पनि धन्यवाद ।

प्रबन्ध सम्पादक - **फिलिप काला, चाइल्ड फन्ड अलायन्स**

लेखक - **हेलन केर्नी**

साजसज्जा/चित्राङ्कन- **क्लाउडियो ब्लाङ्को र मजेन्टा क्रियटिभ नेटवर्क**

हाम्रो विश्वलाई
माया गर्ने सबै
बालबालिकाका
लागि, जो
वास्तविक
महानायक
हुन् ।




## प्रत्येक वर्ष

# 175

## १७ करोड ५० लाख

## बालबालिका विश्वभर विपद्बाट प्रभावित बन्दछन् ।[१]



सन् २०१४ मा मात्रै विपत्ति र आपतकालीन अवस्थाले

## ९० लाख

किशोरकिशोरीलाई विद्यालय छाड्न बाध्य पारेको छ ।[२]

आफू बस्ने ठाउँको खास प्रकारका जोखिम र खतराहरूका बारेमा आफूभन्दा ठूलालाई तपाईंले धेरै कुरा भन्नु छ र प्रकोपभन्दा अघि र पछिको समयमा परिवार, विद्यालय र समुदायलाई सुरक्षित बनाउन धेरै योगदान गर्नुछ ।

सशक्तीकरण गरिएका, कुरा सुन्ने गरिएका र खतराहरूबारे बुझेका बालबालिकाले आफ्नो सुरक्षामा महत्त्वपूर्ण भूमिका खेल्न सक्दछन् । बालबालिकाले आफ्ना कुरा भन्न सक्छन् र उनीहरूका आवश्यकतालाई प्राथमिकता दिइन्छ भने उनीहरूले विपद्पछिको दीर्घकालीन विकासमा र सबैका लागि सुरक्षित समुदायहरूको निर्माणमा योगदान गर्न सक्दछन् ।

यो पुस्तिका विपद् जोखिम न्यूनीकरणका बारेमा छ – यो पुस्तिका प्रकोपलाई विपद्मा परिणत हुने सम्भावना कम गर्न र विपद्का बेला त्यसका लागि तयारी गर्न सँगसँगै काम गर्ने सम्बन्धमा छ । विपद् जोखिम न्यूनीकरणका काम राष्ट्रिय सरकारको तहमा, स्थानीय सरकारको तहमा साथै तपाईंको समुदाय र परिवारहरूको तहमा हुनुपर्दछ । यसको अर्थ सबैलाई सहभागी गराउने र उनीहरूको कुरा सुन्ने हो – विशेषगरी बालबालिका, युवा र विभिन्न कारणले पछि परेकाहरूलाई ।



विश्वभर मानिसहरू विपद् जोखिम न्यूनीकरणको महत्त्वका बारेमा सचेत भइरहेका छन् । विभिन्न देशका सरकारहरू सन् २०१५ मा सुरक्षित विश्व बनाउन एउटा १५ वर्षे योजनामा सहमति जनाउन एक ठाउँमा जुटे । यस योजनालाई

# विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाई ढाँचा


भनियो । किनभने यो बैठक जापानको सेन्डाई सहरमा सम्पन्न भएको थियो । यो पुस्तिकाले तपाईं र तपाईंका साथीहरूलाई सेन्डाई ढाँचाबारे बुझ्न र यो योजना वास्तविकतामा परिणत हुन्छ भन्ने सुनिश्चित गर्न तपाईंको महत्त्वपूर्ण भूमिका छ भनी बुझ्न सहयोग पुऱ्याउने छ ।

# सेन्डाई ढाँचा

बारे कुरा गर्नुअघि

## विपद्, जोखिम र प्रकोपबारे

बुझ्न जरूरी छ ।





## को छ सबैभन्दा असुरक्षित ?

हामीले उत्थानशीलताका बारेमा कुरा गर्दा के भन्न खोजेका हौँ ?

र, यी सबैमा बालअधिकारको के भूमिका रहन्छ ?



# विपद्बारे बुझाइ

हाम्रो वरिपरिको वातावरण नियमित रूपमा परिवर्तन भइरहेका हुन्छन् । हुरी चल्ने, पानी पर्ने, हिउँ पर्ने, लामो समयसम्म पानी नै नपर्ने जस्ता कुरा भइरहेका हुन्छन् । रूखहरू ढल्ने, समुद्री सतह बढ्ने वा कहिलेकाहीँ भुइँचालो जाने पनि हुन सक्छ ।





# के हो प्रकोप ?

प्रकोप भनेको प्राकृतिक वा मानवसिर्जित कुनै यस्तो घटना वा प्रक्रिया हो, जसले पूर्व सावधानी नलिएमा मानिस स्वयंलाई उनीहरूको जीवन, सम्पत्ति वा वातावरणमा हानी पुऱ्याउन सक्दछ ।

प्रकोपहरू फरक फरक प्रकारका हुन्छन् । केही प्राकृतिक हुन्छन्, जस्तो कि भूकम्प, आँधीबेहरी, ज्वालामुखी, सुनामी, बाढी, खडेरी, पहिरो ।

अन्य प्रकोपहरूको सिर्जना मानिसका कारण भएको हुन्छ, जसलाई प्राविधिक वा मानवसिर्जित प्रकोपहरू भनिन्छ । यसभित्र प्रदूषण, सवारी वा कलकारखानामा हुने दुर्घटनाहरू समेटिन्छन् ।





अभ्यास १

## प्राकृतिक वा मानवसिर्जित

(सहजकर्ताका लागि निर्देशिका हेर्नुहोस्)





# जोडा मिलाउनुहोस्

## चित्रहरूसँग नाम र त्यसको व्याख्या

अनि प्राकृतिक वा मानवसिर्जितमध्ये के हो जस्तो लाग्छ भन्नुहोस् ।








### सुनामी
साधारणतया समुद्रभित्र आउने ज्वालामुखी वा भूकम्पद्वारा सिर्जित ठूला छाल, जो अन्ततः किनाराहरूसम्म ठोकिन सक्दछन् । समुदायमा यसको असर विनाशकारी हुन सक्दछ ।

### महामारी
धेरै मानिसमा तीव्र गतिमा कुनै पनि संक्रामक रोग फैलिएको अवस्था ।

### आँधीबेहरी
(ठाउँअनुसार तुफान वा चक्रवातका रूपमा पनि यसलाई चिनिन्छ ।) सबैभन्दा ठूला उष्णक्षेत्रीय आँधीहरू जो निश्चित अवस्थामा सिर्जना हुन्छन्, तिनलाई आँधीबेहरी भनिन्छ ।

### भूकम्प
पृथ्वीको सतह निर्माण गर्ने प्लेटहरू हल्लिँदा वा यताउता हुँदा जमिनमा हुने कम्पन र चाल ।

### खडेरी
असाधारण तवरले लामो समय पानी नपर्ने र पानीको गम्भीर अभाव । यो मानवीय कार्यहरूका कारण पनि भएका हुन सक्दछन् । जस्तै - नदीको माथिल्लो भागमा बाँध बनाउँदा तल्लो भागमा रहने गाउँलेहरूका लागि सुक्खा/खडेरी हुनु ।

### प्लेग
मानिस स्वयं, उनीहरूका बालीनाली वा घरेलु जनावरहरूलाई हानी गर्ने कुनै वनस्पति, जनावर वा किटको तीव्र विस्तार ।

### बाढी
नदीले आफ्नो किनारा भत्काई पानी अन्य ठाउँबाट बग्दा ।

### हिमपहिरो
ठूलो मात्रामा हिउँ एक्कासि भिरालोतर्फ झर्दा ।

### प्राविधिक प्रकोप
प्राविधिक वा औद्योगिक अवस्थाबाट सिर्जना हुने प्रकोपहरू । उदाहरणका लागि - कारखानामा हुने विस्फोट, रासायनिक चुहावट वा आणविक विकिरण ।

### पहिरो/भूक्षय
जमिनको ठूलो भाग र माटो एक्कासि अग्लो ठाउँबाट तल झर्दा ।

### ज्वालामुखी
पृथ्वीको सतहमा म्याग्मा पुग्दा जमिन फाटेर लाभा र खरानी बाहिर निस्कने अवस्था ।

### डढेलो
वनमा आगो जब नियन्त्रणभन्दा बाहिर जाँदा ।








# तपाईंले देखेझैँ

## केही उदाहरणहरू स्पष्ट हुँदैनन्

### हामी भन्छौँ

### बाढी प्राकृतिक कुरा हो

तर कहिलेकाहीँ मानिसले नदीको उपल्लो भागमा फोहोर फाल्दा वा रूखहरू काट्दा तल्लो भागमा रहेका गाउँमा बाढी पस्दछ ।

### हामी भन्छौँ

### डढेलो प्राकृतिक कुरा हो

तर यो कोही एक जनाले वनमा चुरोटको ठुटो झार्नाले भएको पनि हुन सक्दछ ।






## अभ्यास २

(सहजकर्ताका लागि निर्देशन हेर्नुहोस्)

तपाईका ठाउँमा
कस्ता खालका प्रकोपहरू
पटक पटक देखिन्छन् ?



# खेल

## अक्षर खोज र प्रकोपहरू पत्ता लगाऊ :

| | |
|---|---|
| हिउँपहिरो | आँधीबेहरी |
| खडेरी | पहिरो |
| भुइँचालो | भूक्षय |
| भूकम्प | प्लेग |
| महामारी | सुनामी |
| विस्फोट | आगलागी |
| डढेलो | मलेरिया |
| बाढी | डेंगु |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सु | ना | भू | क्ष | हि | रो | स्फो | भू | क | म्प |
| म | ले | इँ | क | झा | ड | ढे | इँ | क्ष | सु |
| ले | क | चा | म | डा | प | ढे | चा | ले | य |
| रि | वि | हि | उँ | प | हि | रो | लो | ना | रि |
| या | च | स्फो | ट | म्प | रो | म | वि | स्फो | ट |
| आँ | प्ले | ग | भू | ख | सु | हा | उँ | झा | म्प |
| ढी | धी | लो | स्फो | हि | डे | मा | ल | आ | प्ले |
| प्ले | डें | आँ | धी | बे | ह | री | ढी | ग | डें |
| सु | बा | चा | क | झा | डा | प | खा | ला | गु |
| हि | ढी | गु | सु | ना | मी | धी | झा | गी | हा |

# के हो विपद् ?

एउटा प्रकोप विपद्मा परिणत हुन सक्दछ तर हुन्छ नै भन्नेचाहिँ होइन । धेरै कुराहरू एकैपटक हुनुपर्दछ । उदाहरणका लागि भूक्षयलाई लिऊँ :

१ मानिसले खतरानजिक घरहरू निर्माण गर्दछन् ।


उदाहरणका लागि भिरालोमा वा ठूला नदी वा समुद्रको ठीक किनारामा ।

२ प्रकोप आउँदछ ।

उदाहरणका लागि पहिरो निम्त्याउने गरी ठूलो वर्षा हुन्छ अनि भूक्षय हुन्छ ।

३ यस्तो प्रकोप मानिस र उनीहरूको सम्पत्तिमा धेरै क्षति गर्दै विपद्मा परिणत हुन्छ ।





## अभ्यास ३

चित्रमा हेर्नुहोस् ।
प्रकोप विपद्मा परिणत हुने सम्भावना कम गर्न मानिसहरूले के गर्न सक्दछन् ?
(सहजकर्ताका लागि निर्देशन हेर्नुहोस्)

# त्यसैले विपद्

# वास्तवमै दु:खद् घटना हो,

जतिबेला धेरै मानिस पीडित हुन्छन्, उनीहरूको सम्पत्तिमा क्षति पुग्छ अथवा उनीहरूले सर्वश्व गुमाउँछन् । प्रकोप आउँदा प्रायः स्थानीय समुदाय मात्रैले त्यसको सामना गर्न सक्दैनन् । प्रकोप आइपर्दा राष्ट्रिय सरकार र स्थानीय अधिकारीहरूले सहयोग गर्नुपर्छ । त्यतिबेला अन्य क्षेत्र वा देशबाट छिमेकी र साथीहरूको पनि सहयोगको खाँचो पर्दछ । यस्तो हुँदा हामी त्यस समुदायको क्षमताभन्दा बढी क्षति भयो भन्दछौँ ।

क्षमता भनेको **विपद्का असरहरूबाट** आफू र आफ्ना सम्पत्तिहरूको सुरक्षा गर्न र त्यस समुदायका मानिसहरूसँग भएको शक्ति, स्रोत र सोचहरूको संयोग हो ।






## अभ्यास ४

तपाईंको क्षेत्रमा निरन्तर हुने प्रकोपको उदाहरण लिऊँ । त्यो प्रकोप विपतमा परिणत हुने सम्भावना कम गर्न मानिसहरूले के गर्न सक्दछन् ।
(सहजकर्ताका लागि निर्देशिका हेर्नुहोस्)

# के हो सङ्कटासन्नता

केही कुरा यस्ता हुन्छन्, जसले व्यक्ति, समुदाय, सहर वा देशहरूलाई अरूभन्दा बढी प्रकोपका असरहरूको अनुभव गर्ने अवस्थामा राख्दछन् । यसैलाई हामी सङ्कटासन्नता भन्दछौँ ।

व्यक्ति एक वा धेरै कारणले सङ्कटासन्न हुन सक्दछ । जस्तै- बूढो, बिरामी, गर्भवती वा अपाङ्गता हुनुले तपाईंको समुदायका केही मानिसलाई बढी सङ्कटासन्न बनाउँदछ । डढेलोबाट तपाईं तपाईंको हजुरआमाभन्दा छिटो भाग्न सक्नुहुन्छ । मानिसहरू चेतावनीका सूचनाहरू पढ्न नसकेकाले वा रेडियोबाट आउने सूचनाहरू नबुझ्नाले पनि खासगरी सङ्कटासन्न हुन सक्दछन् । नदीको ठीक किनारमा खराब तरिकाले निर्माण गरिएको घरमा बस्नाले तपाईंलाई सङ्कटासन्न बनाएको हुनसक्दछ अनि त्यसैगरी वरिपरिको बाटो थाहा नभएको वा स्थानीय भाषा बोल्न नसक्ने ठाउँमा बस्नाले पनि तपाईंलाई सङ्कटासन्न बनाएको हुन सक्दछ ।

सबैभन्दा गरिबहरू नै सामान्यः सबैभन्दा सङ्कटासन्न हुन्छन् । उदाहरणका लागि- काम गर्नुपर्ने ठाउँ नजिक बस्नुपर्ने बाध्यताले उनीहरूसँग कहाँ बस्ने भन्ने ठाउँको छनौट गर्ने विकल्प उनीहरूसँग हुँदैन वा बलियो घर बनाउन उनीहरूले पर्याप्त खर्च गर्न सक्दैनन् । यसका साथै उनीहरूलाई प्रकोपलाई विपदमा परिणतबाट कसरी रोक्ने वा विपद् आइपर्दा त्यसमा कसरी प्रतिक्रिया गर्ने भनेर प्रायः सिकाइएकै हुँदैन । सङ्कटासन्न मानिसहरू आपत्मा नपरून् भन्ने सुनिश्चित गर्न प्रहरी, अग्निनियन्त्रक विभाग र सरकारको भूमिका अत्यन्त महत्त्वपूर्ण हुन्छ ।

**सम्मुखता** भन्नुको अर्थ धेरै मानिस र उनीहरूको सम्पत्ति प्रकोपग्रस्त क्षेत्रमा जोखिममा छन् भन्ने हो । जलवायु परिवर्तन र कुनै पनि ठाउँमा थप मानिस आउनाले सम्मुखतालाई बढाउन सक्दछ ।



# तपाईंले देख्न सक्नुहुन्छ

केही सङ्कटासन्न अवस्थालाई रोक्न सकिन्छ भने केहीलाई सकिन्न । तपाईंको समुदायमा को सङ्कटासन्न छ, जसलाई तपाईंले मद्दत गर्न सक्नुहुन्छ भनेर सोच्नु महत्त्वपूर्ण छ । आफ्ना प्रकोपहरूबारे कुरा गर्न भेटघाट र सँगसँगै काम गर्ने समुदाय, आफ्ना सम्भावित खतराहरूबारे छलफल नगर्ने वा छलफलमा छुटेकाको समुदायभन्दा प्रकोपबाट कम असुरक्षित हुन्छ ।



## अभ्यास ५

आफ्नो समुदायका बारेमा सोच्नुहोस् । सबैभन्दा सङ्कटासन्न को छन् ? कल्पना गर्नुहोस्- तपाईंले बाढी आउने चेतावनीको एसएमएस पाउनुभयो । सबैभन्दा सङ्कटासन्न मानिसहरू सुरक्षित पारिएका छन् भन्ने सुनिश्चित गर्न तपाई के गर्नुहुन्छ? (सहजकर्ताका लागि निर्देशिका हेर्नुहोस्)

# के हो जोखिम ?

**जोखिम भनेको प्रकोप विपद्मा परिणत हुने सम्भावना हो ।**

**प्रकोपहरू हामी सधैँ रोक्न सक्दैनौँ । तर हामी प्रकोप विपद् बन्ने सम्भावनालाई कम गर्न सक्दछौँ ।**

विपद् जोखिम न्यूनीकरण भनेको नै यही हो । उदाहरणका लागि हामी निश्चित तरिकाबाट वा निश्चित सामाग्रीहरूको प्रयोगबाट आँधीबेहरीमा ढल्ने सम्भावना कम भएका घर वा विद्यालय निर्माण गर्न सक्दछौँ अथवा रूख काट्न रोक्न सक्दछौँ ताकि पहिरोको सम्भावना कम होस् ।

विपद् जोखिम न्यूनीकरणले समुदाय र राष्ट्रहरूलाई दीर्घकालीन सहयोग पुऱ्याउँदछ - जसलाई हामी दीर्घकालीन विकास भन्दछौँ । उदाहरणका लागि, मानिसले फोहोर बिसर्जन नगरी सफा राखिएको नदीले गाउँमा बाढी निम्ताउने सम्भावना कम हुन्छ । यो दीर्घकालीन रूपमा पनि राम्रो हुन्छ किनभने सफा पानी मानिसहरूका लागि पिउन, खाना पकाउन र सफाइका लागि स्वस्थकर हुन्छ । अनि गाउँलेहरूलाई खान र बजारमा बेच्नका लागि धेरै माछाहरू समेत त्यहाँ हुनेछन् ।




# खेल

## अक्षरहरूलाई सही क्रममा मिलाएर राख्नुहोस् ।

सूत्र

धेरै समुदायहरूमा भूक्षय, बाढी पहिरोको असुरक्षा केले बढाउँदछ ?(३)



अब तपाईंले यी विषयमा थाहा पाउनुभयो -

# प्रकोप, विपद्, सङ्कटासन्नता र जोखिम

अब हामी

# विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाई ढाँचा

बारे कुरा गर्न सक्दछौँ ।



## यो केका लागि हो ?

यो सेन्डाई ढाँचा चाहे प्राकृतिक होस् वा मानवसिर्जित होस् सबै प्रकारका प्रकोपहरूमा लागू हुन्छ । यो जोसुकै व्यक्ति र जहाँसुकैमा पनि लागू हुन सक्छ- संसारभरका सबै राष्ट्रिय र स्थानीय सरकारहरू, समुदाय र परिवारमा लागू हुनसक्छ । नागरिकको सुरक्षामा सरकार प्रमुखहरूको महत्त्वपूर्ण जिम्मेवारी हुन्छ । प्रत्येक मानिसको पनि उत्तिकै जिम्मेवारी हुन्छ । सबैको कुरा सुन्ने र एक अर्कालाई मद्दत गर्ने समुदायहरू विपदबाट कम असुरक्षित हुन्छन् र विपद् आइपरेको समयमा बढी उत्थानशील हुन्छन् ।



# के छ नयाँ ?

सेन्डाई ढाँचाभन्दा अगाडि विपद्मा हुने क्षति न्यूनीकरण गर्न अन्तर्राष्ट्रिय योजना कार्यान्वयनका लागि ह्योगो ढाँचा विद्यमान थियो । त्यो ढाँचा सन् २००४ को हिन्द महासागरको सुनामीपछि सन् २००५ मा सरकारहरू, अन्तर्राष्ट्रिय निकायहरू, विपद् विज्ञहरू लगायतले विकास गरी सहमतिमा कार्यान्वयनमा ल्याएका थिए । सेन्डाई ढाँचा तिनै सही सोचहरूमा आधारित भएर नयाँ महत्त्वपूर्ण कुराहरू समेत पहिचान गरी निर्माण गरिएको हो ।

### पहिलो

विपद् व्यवस्थापनको सट्टा यसले विपद् जोखिम व्यवस्थापनको महत्त्वमाथि जोड दिन्छ । हामीलाई थाहा भए अनुसार प्रकोप विपद्मा परिणत हुनुहुँदैन, जबकि विपद्मा परिणत हुने जोखिमको सम्भावना रहन्छ । त्यसैले जोखिमहरूलाई कम गर्न सकिन्छ भन्नेमा उच्च ध्यान दिनु प्रकोपलाई विपद्मा परिणत हुनबाट रोक्ने सबैभन्दा पहिलो राम्रो उपाय हो ।

### दोस्रो

सेन्डाई ढाँचाले ७ ओटा स्पष्ट विश्वव्यापी लक्ष्यहरू निर्धारण गरेको छ र ती लक्ष्यहरू हामी हासिल गरिरहेका छौं भनेर कसरी जाँच्ने भनेर बताउँछ ।

### तेस्रो

सेन्डाई ढाँचाले प्रकोपहरूको फराकिलो दायराबारे कुरा गर्दछ । हामीलाई थाहा भए अनुसार प्रकोपहरू प्राकृतिक वा मानवसिर्जित हुन सक्दछन् र हामीले सम्भावित खतराहरूका धेरै प्रकारहरूबारे सोच्नु जरूरी छ । सेन्डाई ढाँचाले स्वास्थ्य र शिक्षालाई उत्थानशीलताको महत्त्वपूर्ण भागका रूपमा चर्चा गर्दछ । तपाईंको समुदायका मानिसहरू प्रकोपपूर्व स्वस्थ र सुसूचित छन् साथै उनीहरूलाई कसरी स्वस्थ रहने र सूचना प्राप्त गर्ने भन्नेबारे थाहा छ भन्ने सुनिश्चित गर्नु भनेको उनीहरू कम असुरक्षित छन् भनी सुनिश्चित गर्नु हो ।

### चौथो

सेन्डाई ढाँचाले योजना वास्तविकतामा परिणत भएको सुनिश्चित गर्न प्रत्येक व्यक्तिले खेल्नुपर्ने भूमिकामा ध्यान दिएको छ । सरकारहरू र स्थानीय नेताहरूले के गर्नुपर्छ भन्ने जान्नुमा मात्र यो केन्द्रित छैन । विपद् जोखिम न्यूनीकरण प्रत्येक व्यक्तिको काम हो ।

# के हो तपाईंको भूमिका ?



विश्वभर १८ वर्षभन्दा कम उमेरका मानिसहरूको सङ्ख्या २ अर्ब २० करोड छ ।[४] वयस्कहरूले बालबालिकाको विचार सुन्नुपर्दछ । अनुभवहरूले के देखाएका छन् भने आफ्नो समुदायमा विद्यमान प्रकोपहरू र तिनलाई सम्बोधन गर्ने तरिकाबारे बालबालिकाहरूसँग अद्वितीय ज्ञान र उपायहरू छन् । तपाईं जोसुकै र जहाँसुकै भए पनि तपाईंको जीवनलाई प्रभावित पार्ने निर्णयहरूमा सहभागी हुन तपाईंसँग आफ्ना विचार सुनाउने अधिकार छ । बालबालिकाहरू समूह वा व्यक्तिगत रूपमा विपद् जोखिम न्यूनीकरणको केन्द्रमा हुँदा क्रियाकलापहरू बालबालिकाद्वारा बालबालिकामा लक्षित हुन्छन् । बालकेन्द्रित विपद् जोखिम न्यूनीकरणले तपाईंको बाँच्न पाउने अधिकार, शिक्षाको अधिकार र स्वास्थ्यको अधिकारलगायत महत्त्वपूर्ण हक अधिकारहरूको परिपालनामा सक्षम बनाउँछन् । सरकार, सम्बन्धित निकायहरू र तपाईंको समुदायका वयस्कहरूले तपाईंको धारणा सुन्न आवश्यक छ किनभने तपाईं थप सुरक्षित बन्न अनि तपाईंको ऊर्जा, ज्ञान र उपायले अरूको सबैको सुरक्षामा मद्दत गर्न सक्दछ ।

# सेन्डाई ढाँचाले के गर्ने अपेक्षा गरेको छ ?

तपाईं जस्ता मानिसहरूबाट यो योजना कार्यान्वयन हुँदा विपद्हरू काम हुन्छन् भन्ने हो । प्रकोप विपद्मा परिणत हुँदा त्यो कम गम्भीर हुन्छ र मानिसहरूले चाँडै त्यसबाट छुटकारा पाउँछन् । सबैभन्दा महत्त्वपूर्ण, भविष्यमा हुने विपद्ले जनधनको क्षति कम गराउँछ । घर, खेतबारी, स्वास्थ्य र पर्यावरणमा थोरै क्षति गर्दछ भन्ने कुरा नै हो । यसको अर्थ विपद्ले कम गम्भीर र कम खर्चिला दीर्घकालीन प्रभावहरू पार्दछ भन्ने हो ।

# के हो त समग्र लक्ष्य ?

समग्र लक्ष्य भनेको नयाँ जोखिमहरूको रोकथाम र यसअघि नै विद्यमान जोखिमहरूको न्यूनीकरण हो । (सम्झना छ ? प्रकोप विपद्मा परिणत हुने सम्भावना नै जोखिम हो ।) मानिसहरूले कम प्रकोप सामना गर्नु परोस्, विपद्बाट कम सङ्कटासन्न हुन् र प्रकोपका बेला राम्ररी तयार रहन सकून् भनी मानिसका जीवनका विभिन्न क्षेत्रहरूमा के परिवर्तन गर्न आवश्यक छ भन्ने कुरामा विचार गर्दै यस योजनाले प्रकोपको रोकथाम र न्यूनीकरण गर्दछ । यो सबै भनेको उनीहरू अझ उत्थानशील हुन्छन् भन्ने हो - अझ बढी सबल र अनुकूल बनून्, जसले गर्दा कुनै डरलाग्दो कुरा हुँदा उनीहरू सहजै त्यसबाट बाहिर निस्कन सकून् । जसरी एउटा लचिलो ताडको रूख ठूलो हावा चल्दा चारैतिर हल्लिन्छ तर पछि सकुशल रहन्छ ।



# ७ स्पष्ट लक्ष्यहरू

लक्ष्यहरू भनेका ती हुन्, जसलाई हामी एकसाथ हासिल गर्न चाहन्छौँ । यिनले हामीलाई योजनाले काम गरिरहेको छ भनी जाँच गर्ने सुविधा दिन्छन् ।



## लक्ष्य १

विपद्‌हरू आउँदा अत्यन्त न्यून सङ्ख्यामा मात्र मानवीय क्षति होस् भनी सुनिश्चित गर्ने । सन् २००५ देखि २०१५ बीचको तुलनामा सन् २०२० देखि सन् २०३० को बीचमा प्रत्येक एक लाख मानिसमा ज्यान गुमाउनेको सङ्ख्या कम राख्दै हामी योजनाले काम गरिरहेको छ वा छैन भनी जाँच गर्नेछौँ ।



## लक्ष्य २

पूरै विश्वमा विपद्‌बाट थोरै मानिसको जीवन प्रभावित भएको सुनिश्चित गर्नेमा योजना लक्षित हुनेछ । फेरि पनि सन् २००५ देखि २०१५ को तुलनामा २०२० देखि २०३० को अवधिमा कति मानिस प्रभावित भए भन्ने गणना गरेर हामी योजनाले काम गरिरहेको हो वा होइन भनी परीक्षण गर्नेछौँ ।

## लक्ष्य ३

विपद्मा तत्काल प्रतिक्रिया जनाउँदा र पछि विपद्का प्रभाव ठीक गर्दा खर्च हुने रकमलाई घटाउने, र विपद्मा हुने क्षति न्यूनीकरण गर्ने ।
किनभने उदाहरणका लागि- त्यतिबेला मानिसहरू काममा जान पाउँदैनन्, पसलहरू भत्कन्छन् आदि ।






## लक्ष्य ४

विद्यालय, अस्पताल, रेल सेवा र प्रमुख सडकहरू जस्ता अत्यावश्यकीय सेवाहरूमा विपद्बाट कम क्षति भएको सुनिश्चित गर्ने ।

यो कार्य हामी ती सेवाहरूलाई उत्थानशील बनाएर गरेर गर्न सक्छौँ, उदाहरणका लागि, सन् २०३० सम्ममा मजबुत निर्माण सामग्री प्रयोग गरी ठोस जमिनमा सबै विद्यालयहरू निर्माण भएको सुनिश्चित गर्ने ।



## लक्ष्य ५

सन् २०३० सम्ममा अधिकांश देशहरूमा राष्ट्रिय र स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीति हुनेछ भन्ने सुनिश्चित गर्ने ।



## लक्ष्य ६

प्रकोपहरूलाई विपद्मा परिणत हुनबाट रोक्न देशहरूबीचको सहकार्य सुनिश्चित गर्ने ।

उदाहरणका लागि- यदि जापानका जनतासँग भूकम्पमा सुरक्षित रहने घर निर्माण गर्ने राम्रा उपाय छन् भने उनीहरूले नेपालका जनतासँग ती उपायहरू बाँड्ने, ताकि नेपालीहरूले उनीहरूका असल उपायहरू पछ्याउन सकून् । यदि सेन्ट लुसियाका जनता ठूलो वर्षामा माटो बग्न नदिन आफ्ना खेतीहरूको बीचमा खाडल खनी पानीलाई तर्काउन जान्दछन् भने उनीहरूले यो उपाय ग्वाटेमालाका जनतासँग बाँड्नु पर्दछ ।

# लक्ष्य ७

प्रारम्भिक चेतावनी प्रणालीमा पहुँच भएका र त्यसलाई बुझ्ने मानिसहरूको सङ्ख्या वृद्धि गर्ने । यसको मतलब मानिसहरूले सहकार्य गर्नुपर्दछ र सूचना आदान-प्रदान गर्नुपर्दछ । उदाहरणका लागि- यदि एउटा समुद्री टापुका मानिसहरूले चक्रवात आउँदैछ भन्ने थाहा पाए भने उनीहरूले यो सूचना रेडियो, टेलिभिजन र सामाजिक सञ्जालहरूमा बाँड्नै पर्दछ ।



# ४ कार्य सम्पादनका लागि चार प्राथमिकताहरू



## १ विपद् जोखिमलाई बुझ्ने

यस सेन्डाई ढाँचाले तपाईं जस्ता मानिसले विपद्, प्रकोप, जोखिम र सङ्कासन्नतालाई बुझ्नुहुन्छ भन्ने सुनिश्चित गर्ने उद्देश्य राख्दछ । यसले सबैलाई खतरालाई चिन्न, प्रकोपहरूका लागि तयारी गर्न र तिनलाई विपद्मा परिणत हुनबाट रोकथाम गर्न अनि उनीहरूलाई, अरूलाई र उनीहरूका सम्पत्तिहरूको सुरक्षा गर्न सहयोग पुऱ्याउँदछ ।



# २ विपद् जोखिम व्यवस्थापनका लागि विपद् जोखिम प्रशासनलाई सबल बनाउने

यस सेन्डाई ढाँचाले स्थानीय नेता, सरकार, अधिकारीहरू र अन्तर्राष्ट्रिय निकायहरू विपद्को सन्दर्भ आउँदा बढीभन्दा बढी व्यवस्थित र संगठित छन् भनी सुनिश्चित गर्ने उद्देश्य राख्दछ । यी सबैसँग स्पष्ट योजना र विपद् रोकथाममा काम गर्ने स्थापित उपायहरू हुनुपर्दछ । साथै, यी सबैसँग विपद् आइपर्दा जनाउनुपर्ने प्रतिक्रियाबारे पनि स्थापित योजना र उपायहरू हुनुपर्दछ ।




# ३ उत्थानशीलताका लागि विपद् जोखिम न्यूनीकरणमा लगानी गर्ने

यस सेन्डाई ढाँचाले विपद् जोखिम न्यूनीकरणमा दुवै सार्वजनिक (जस्तै- सरकार) र निजी (जस्तै- परिवार र व्यापारिक प्रतिष्ठान) क्षेत्रले पर्याप्त रकम खर्च गरेका छन् भन्ने सुनिश्चित गर्ने उद्देश्य राखेको छ । यस ढाँचाले दीर्घकालीन रूपमा पैसा खर्च गर्ने यो राम्रो उपाय हो भन्ने मान्यता राख्दछ किनकी यसले दीर्घकालीन विकासमा योगदान पुऱ्याउँदछ । उदाहरणका लागि वास्तवमै राम्रा र मजबुत सामग्रीबाट एउटा नयाँ विद्यालय निर्माण गर्न केही बढी खर्च लाग्न सक्दछ । तर भूकम्प आउँदा मजबुत विद्यालय नै ठीक हुन्छ, जसका कारण तपाईंले पढाइ गुमाउनु पर्दैन, विद्यालय पुनर्निर्माण गर्नुपर्दैन र दीर्घकालमा सिङ्गो देशले नै राम्रो गर्दछ ।



# ४ प्रभावकारी प्रतिक्रियाका लागि विपद् पूर्वतयारी बढाउने र विपद्पछिको सामान्यीकरण पुनर्वास, पुनर्निर्माणमा पहिलेभन्दा राम्रो स्थिति हासिल गर्ने

सेन्डाई ढाँचाले प्रकोप आइपर्दा सबै तयार छन् र त्यतिबेलाका काम कारबाही प्रभावकारी रूपमा र राम्ररी संगठित छन् भन्ने सुनिश्चित गर्ने उद्देश्य राख्दछ । जब परिवार, समुदाय र राष्ट्रहरू विपद्मा ध्वस्त भएका कुराहरू ठीक गर्न लागिरहेका हुन्छन् तब सेन्डाई ढाँचाले अर्को पटकका लागि पहिलेभन्दा राम्रो स्थिति हासिल हुने गरी पुनर्निर्माण गर्न मद्दत पुऱ्याउने उद्देश्य राख्दछ ।




## अभ्यास ६

१. खतरा पहिचान गर्न जोखिमको नक्साङ्कन गर्नुहोस्
२. समुदायका अन्य मानिसलाई जोखिमबारे बुझ्न र सुरक्षित रहन मद्दत गर्नुहोस्
३. प्रकृतिको संरक्षण गर्नुहोस्
(सहजकर्ताका लागि निर्देशिका हेर्नुहोस्)



# अब पालो तपाईंको !



# ENDNOTES


(1) Webster, Mackinnon et al. (2008), The humanitarian costs of climate change (Medford, MA: Feinstein International Center).

(2) Save the Children (2014), No child left behind: Barriers to education in the Asia-Pacific region.

(3) वन फँडानी

(4) UNICEF (2014), The state of the world's children 2014 in numbers: Every child counts.




# FURTHER READING


Movimiento Mundial por la Infancia de Latinoamérica y el Caribe (2015), *The world we want: A young person's guide to the Global Goals for Sustainable Development.*
AVAILABLE AT http://sustainabledevelopment.un.org.

UNICEF (n.d.),
The little book of children's rights and responsibilities.
AVAILABLE AT http://www.unicef.org.

UNICEF et al. (n.d.),
The Convention on the Rights of the Child in child-friendly language.
AVAILABLE AT http://www.unicef.org.

UNICEF (n.d.),
United Nations Secretary-General's study on violence against children adapted for children and young people.
AVAILABLE AT http://www.unicef.org.

# अब तपाईं




ज्ञानको दैवीशक्ति अरूसँग
बाँड्न सक्नुहुन्छ अनि
विपद्
जोखिम
न्यूनीकरणका
बारेमा आफ्ना साथीहरू,
परिवार र समुदायलाई
सिकाउन सक्नुहुन्छ ।

प्रबन्ध सम्पादक - **फिलिप काला, चाइल्ड फन्ड अलायन्स**

लेखक - **हेलन केर्नी**

साजसज्जा/चित्राङ्कन- **क्लाउडियो ब्लाङ्को र मजेन्टा क्रियटिभ नेटवर्क**

प्रकाशन मिति : **नोभेम्बर २०१५**

---

**नेपाली संस्करण**

प्रकाशन मिति : **सेप्टेम्बर २०१८**

अनुवाद : **गोबिन्द आचार्य**

सम्पादक : **गोपिनी पाण्डे**

संयोजक : **कमलराज रूपाखेती,** रोटरी क्लव काष्ठमाण्डप

निर्देशक : **काजुओ अराई,** रोटरी क्लव सिमोदाते

नेपाली संस्करण प्रकाशन सहयोग : **रोटरी इन्टरनेसनल डी २८२०, डी ३२९२**

Nepali version produced with the generous support of Rotary International